# दक्षिणकाली नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं.: ०७९/०८०
च.नं.: ८६

मिति: २०७९/०४/०८

विषयः सहकारी संस्थाहरुको कर चुक्ता प्रमाणपत्र र COPOMIS SYSTEM मा विवरण दाखिला सम्बन्धमा ।

श्री सहकारी संस्थाहरु (सबै)
दक्षिणकाली नगरपालिका,
फर्पिङ, काठमाडौं ।

सहकारी क्षेत्रको तथ्याङ्क प्राप्तिको लागि सहकारी संस्थाहरुले भर्नुपर्ने समिष्टगत विवरण लगायतका अन्य नियमित रुपमा प्रविष्टि, समपुष्टि र अभिलेखिकरण गर्नुपर्ने विवरणहरु प्रविष्टिका लागि COPOMIS SYSTEM तयार गरी www.copomis.gov.np बाट सहकारी विभागले सञ्चालन गरी सो SYSTEM विभागको वेभसाइट www.deoc.gov.np मा राखिएको छ । उल्लेखित COPOMIS सम्बन्धी विवरण अविलम्ब इन्ट्री (दाखिला) गर्न गराउनको लागि सबै प्रदेश, सबै स्थानीय तह र अन्य सरोकारवाला निकायहरु समेतलाई सहकारी विभागले २०७९/०२/०९ गते परिपत्र मार्फत अनुरोध गरी सकेको व्यहोरा अवगत नै छ । अतः अगामी आर्थिक वर्ष (२०७९/०८०) को सहकारी संस्थाहरुको कर चुक्ता प्रमाणपत्र प्रदान गर्ने क्रममा www.copomis.gov.np मा सबै सहकारी संस्थाहरुले आफ्नो संस्थाहरुको समष्टिगत विवरण अनिवार्य इन्ट्री (दाखिला) गरिसकेपछि सोही प्रणालीमा स्वतः सृजना हुने दाखिला नं. (Submission no.) सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पेश भई सकेपछि मात्र करचुक्ता प्रमाणपत्र दिने व्यवस्थाको लागि सहकारी विभागले मिति २०७९/०३/०१ मा आन्तरिक राजस्व विभागमा पत्राचार गरेकोले सो बमोजिम सबै सहकारी संस्थाहरुले COPOMIS SYSTEM मा विवरण इन्ट्री (दाखिला) गरेको प्रमाण पेश गरेपछि करचुक्ता प्रमाणपत्र जारी गर्ने निर्देशन दिने भनी मिति २०७९/०३/२८ मा आन्तरिक राजस्व विभागले निर्णय गरेकोले सोही बमोजिम COPOMIS SYSTEM मा यथाशिघ्र आवद्ध हुनुहुन र समष्टिगत विवरण अनिवार्य इन्ट्री (दाखिला) गरी करचुक्ता प्रमाणपत्र लिनुहुन हार्दिक अनुरोध छ ।

.............................
(भोला प्रसाद चापागाईं)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री सूचना प्रविधि शाखाः सबै सहकारी संस्थाहरुमा ईमेल गरी दिनुहुन र वेभसाइटमा राखी दिनु हुन ।